annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २०६ पृष्ठ ८ | काठमाडौं, आइतबार १६ मंसिर २०८१ | मार्ग कृष्णपक्ष औंसी नेपाल संवत् ११४५ | SUNDAY, DECEMBER 1, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

# आहा ! खप्तड

## जहाँ छन् २२ पाटन, ९ दह, ५२ थुम्का

असोज-कात्तिकमा आँखै अगाडि ठोकिन्छन्- अपी, सैपाल हिम शृंखला। पुस-माघमा हिउँले सेताम्मे हुन्छन्, बुकी पाटनहरू। चैत-वैशाखमा रंगीचंगी गुराँसले स्वागत गर्छन्। जेठ-असारमा जंगली फूलले ढपक्क ढाकिन्छ, खप्तड। सुन्दर फाँटको त जति चर्चा गरे पनि कमै हुन्छ। खप्तड पुग्दा, ज्यानै चंगा, मनै दंग। तर, भूस्वर्ग खप्तड, भएन पर्यटन विकास।

समाचार पृष्ठ २

परमानन्द पाण्डे | टीकापुर

- को रिपोर्ट

## गुगलद्वारा फिनल्यान्डमा डाटा सेन्टर विस्तार

**हेलसिंकी** (एजेन्सी): फिनल्यान्डमा गुगलले आफ्नो डाटा सेन्टर सञ्चालन गर्न २ करोड ७० लाख युरोको जग्गा खरिद गरेको छ। गुगलले सन् २०११ देखि फिनल्यान्डमा डाटा सेन्टरहरू सञ्चालन गर्दै आएको छ।

फिनल्यान्डमा गुगलले आफ्नो पहिलो डाटा सेन्टर सन् २००९ मा देशको राजधानी हेलसिंकीबाट १ सय ४५ किलोमिटर पूर्वमा रहेको सहर हमिनामा बनाएको थियो। उक्त डाटा सेन्टरमा हाल करिब ४ सय पूर्णकालिक कर्मचारी कार्यरत छन्।

स्थानीय सञ्चारमाध्यमका रिपोर्टका अनुसार यस वर्षको मे महिनामा अमेरिकी टेक कम्पनीले आफ्नो हमिना क्याम्पस विस्तार गर्न एक अर्ब युरोको नयाँ लगानी घोषणा गरेको छ, जसले आगामी दुई वर्षमा थप रोजगारी सिर्जना गर्ने अपेक्षा गरिएको छ।

# ४१ स्थानमा आज उपनिर्वाचन, मतदातालाई यातायातको सुविधा

**राजकरण महतो** | *काठमाडौं*

स्थानीय तहमा रिक्त ४१ स्थानका लागि आइतबार उपनिर्वाचन हुँदै छ । बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म मतदानको समय निर्धारण गरिएको निर्वाचन आयोगले जनाएको छ। १ मेयर, १ उपमेयर, २ गाउँपालिका अध्यक्ष, ४ गाउँपालिका उपाध्यक्ष र ३३ वडाध्यक्षका लागि चुनाव हुन लागेको हो।

निर्वाचन आयोगले सम्पूर्ण तयारी भएको भन्दै निर्धक्क मतदान गर्न आग्रह गरेको छ। आयोगले मतदाता नामावलीमा नाम भएका मतदातालाई तोकिएको मतदान केन्द्रमा मतदान गर्न आह्वान गरेको छ। 'आफ्नो नाम समावेश भएको मतदान केन्द्रमा उपस्थित भई आफूले रोजेको उम्मेदवारको निर्वाचन चिह्नमा निर्धक्क भई मतदान गर्न सम्पूर्ण मतदाताहरूमा अनुरोध गर्दछ', आयोगकी प्रवक्ता नीता अर्याल पोखरेलले भनिन्।

**यी कागजात भए मतदान गर्न पाइने :**

चुनावमा निर्वाचन आयोगबाट प्रकाशन भएको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका मतदातालाई मताधिकारको व्यवस्था गरिएको छ। मतदाता परिचयपत्र वा अन्य पहिचान खुल्ने कागजात देखाएर पनि मतदान गर्न पाइने छ। आयोगले भनेको छ, 'मतदातालाई सहजता प्रदान गर्ने अभिप्रायले मतदाता परिचयपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, राहदानी, स्थायी लेखा नम्बर परिचयपत्र, सवारी चालक अनुमति पत्रको सक्कोल प्रमाणपत्रमध्ये कुनै एक कागजात देखाएर मतदान गर्न दिने व्यवस्था गरिएको छ।'

**मतदातालाई यातायातको सुविधा**

मतदाताको सहजताका लागि मतदान स्थलको निश्चित क्षेत्रबाहेक निर्वाचन सुरक्षामा असर नपर्ने गरी यातायात सञ्चालनको उपयुक्त प्रबन्ध मिलाएको छ। मतदातालाई यातायात सुविधा प्रदान गर्न गृह मन्त्रालयमार्फत सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई निर्देशन दिइएको छ। मतदान हुने सम्बन्धित स्थानीय तह र वडामा सार्वजनिक बिदाका लागि आयोगले सम्बन्धित निकायलाई अनुरोधसमेत गरिसकेको छ।

मतदान कार्य सञ्चालन गर्न खटिएका मतदान अधिकृत र कर्मचारीलाई आफ्नो कर्तव्यपालन गर्न, मतदातालाई भयमुक्त वातावरणमा मतदान गर्ने व्यवस्था मिलाउन, मतदान केन्द्रमा शान्त र सहिष्णु वातावरण कायम आयोगले कडा निर्देशन दिएको छ। आयोगले भनेको छ, 'मतदान कार्यलाई सुव्यवस्थित रूपमा सञ्चालन गर्ने गराउने कार्यमा सबै राजनीतिक दल, मतदाता, उम्मेदवार, सञ्चारकर्मी, पर्यवेक्षकलगायत सबै सरोकारवालाको सहयोग हुनेछ।' मतदानमा अवाञ्छनीय प्रभाव पार्ने र पार्न प्रयत्न गर्ने कार्य भए गरेको पाइएमा कानुनबमोजिम कडा कारबाही गरिने आयोगले जनाएको छ।

बाँकी पृष्ठ ६



| | | |
|---|---|---|
| **चुनाव हुने पद** | : | ४१ |
| **नगरपालिका प्रमुख** | : | १ |
| **नगरपालिका उपप्रमुख** | : | १ |
| **गाउँपालिका अध्यक्ष** | : | २ |
| **गाउँपालिका उपाध्यक्ष** | : | ४ |
| **वडा अध्यक्ष** | : | ३३ |

## प्रधानमन्त्रीद्वारा चीन भ्रमणबारे राष्ट्रपतिलाई जानकारी



**काठमाडौं** (अन्नपूर्ण) : प्रधानमन्त्री केपी ओलीले आफ्नो चीन भ्रमणबारे राष्ट्रपति रामचन्द्र पौडेललाई जानकारी गराएका छन्। राष्ट्रपति निवासमा भएको भेटमा परराष्ट्रमन्त्री आरजु राणा देउवासमेत सहभागी थिइन्।

प्रधानमन्त्री ओलीले राष्ट्रपति पौडेलसँग चीन भ्रमण र समसामायिक विषयमा छलफल गरेका छन्। परराष्ट्रमन्त्री राणा भने चीन भ्रमण सकेर शनिबार स्वदेश फर्किएकी हुन्। प्रधानमन्त्री ओलीको भ्रमण तयारीका लागि चीन गएकी परराष्ट्रमन्त्री राणाले छेन्दुमा चिनियाँ विदेशमन्त्री वाङ यीसँग द्विपक्षीय भेटवार्ता गरेकी थिइन्। त्यस क्रममा राणाले विदेशमन्त्री यीलाई नेपाल भ्रमणको निम्तोसमेत दिएकी थिइन्।

## मलेसियामा बाढीका कारण १ लाख मानिस विस्थापित




**क्वालालम्पुर** (एजेन्सी): मलेसियाका उत्तरी राज्यहरूमा अविरल वर्षापछि आएको बाढीका कारण १ लाख २२ हजारभन्दा बढी मानिसहरू विस्थापित भएका छन्। यो संख्या सन् २०१४ मा देशमा आएको बाढीको समयमा विस्थापित एक लाख १८ हजारलाई नाघेको छ भने अधिकारीहरूले यो अझै बढ्न सक्ने बताएका छन्।

केलान्तान, तेरेन्गानु र सारवाकमा मृत्यु हुनेको संख्या ४ रेकर्ड भएको छ। राष्ट्रिय प्रकोप व्यवस्थापन एजेन्सीको तथ्यांकअनुसार केलान्तान राज्य बाढीको चपेटामा परेको छ। बाढीको बाट प्रभावित हुने मध्ये ६३ प्रतिशत छन्।

तेरेन्गानुमा लगभग ३५ हजार मानिसहरूलाई विस्थापित भएका थिए भने बाँकी विस्थापितहरू अन्य सात राज्यहरूबाट रिपोर्ट गरिएको थियो। यस साताको सुरुमा भएको भारी वर्षा केलान्तानको पासिर पुतेह सहरमा जारी रह्यो, जहाँ मानिसहरू जलमग्न सडकहरूबाट हिंडिरहेको देख्न सकिन्थ्यो।

# बीआरआई 'विस्तृत परियोजना' मा हस्ताक्षर नहुने, अनुदानमा जोड

**राधा खनाल** | *काठमाडौं*

सत्तासीन कांग्रेस र एमालेले चीनको बीआरआईसम्बन्धी (विस्तृत परियोजना) मा तत्काल हस्ताक्षर नगरी पुरानै योजनामा अनुदानका लागि आग्रह गर्ने सहमति गरेका छन। दुई दलको कार्यदलले शनिबार प्रधानमन्त्री केपी ओलीलाई 'ब्रिफिङ' गर्दै बीआरआई कार्यान्वयनको मोडेलमा सहमति जनाएको हो। यद्यपि, कार्यदलको सहमतिलाई सरकारले औपचारिकता दिन बाँकी छ। चीनले प्रधानमन्त्री ओलीको भ्रमण क्रममा बीआरआईसम्बन्धी २५ पानाको विस्तृत परियोजनामा हस्ताक्षरका लागि आग्रह गरेको थियो। तर, कार्यदलले त्यस्तो सहमति गर्दा 'अनावश्यक भय, शंका र राजनीतिक चलखेल' हुने भन्दै तत्काल त्यसमा सहमति नजाउने निर्णय गरेको थियो।

कार्यदलका तर्फबाट कांग्रेस महामन्त्री गगन थापाले शनिबार प्रधानमन्त्री ओली र कांग्रेस सभापति देउवालाई प्रधानमन्त्री निवास बालुवाटारमा 'ब्रिफिङ' गरेका थिए। 'चीनका तर्फबाट बीआरआई सम्बन्धित २५ पेज जतिको कम्प्रोहेन्सिङ एग्रिमेन्ट (विस्तृत कार्ययोजना) मा हस्ताक्षरका लागि पठाइएको थियो,' स्रोतले भन्यो,'बीआरआईमा गर्ने काम थोरै, हल्ला बढी हुने गरी नजाऔं भनेर भनेका छौं। त्यसमा प्रधानमन्त्री ओली र कांग्रेस सभापति देउवा दुवै जना सहमत हुनुहुन्छ।' कांग्रेस र एमालेले बीआरआईमा ऋण नलिने, बरु अनुदानका लागि चीनसँग आग्रह गर्ने निर्णय यसअघि नै गरिसकेका छन्। 'चीनसँग भएका सहमति कार्यान्वयन गर्दै जाने र भविष्यका लागि योजनाका लागि समझदारी गर्दै जानेमा सत्तासीन दुवै दल सहमत भएका छौं,' स्रोतले भन्यो। प्रधानमन्त्री ओली सोमबार चीन जाँदै छन्।

बाँकी पृष्ठ ६



## 'अनुदानमा बीआरआई अघि बढाउन चीन सकारात्मक'



परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले बीआरआई अन्तर्गतका योजनाहरू नेपालमा अनुदानस्वरूप अघि बढाउन चीन सरकार सकारात्मक रहेको बताएकी छन्।

चीन भ्रमण सकेर शनिबार स्वदेश फर्किएकी मन्त्री राणाले चीन भ्रमणका क्रममा चिनियाँ विदेशमन्त्रीसँग गरेको कुराकानीमा बीआरआई प्रोजेक्ट अन्तर्गतका योजना अनुदानका रूपमा अघि बढाउन चीन सकारात्मक रहेको बताएकी हुन्।

देशभित्रको परिस्थितिका कारण नेपालले ऋण लिन सक्ने अवस्था नभएको चिनियाँ पक्षलाई स्पष्ट पारेको बताउँदै उनले भ्रमणमा दुई देशको पारस्परिक सम्बन्धलाई मजबुत बनाउने, भइरहेको कामलाई कसरी निरन्तरता दिने भन्नेबारेमा छलफल भएको बताइन्।

मन्त्री राणाले भनिन्, 'दुई देशको पारस्परिक सम्बन्धलाई कसरी अघि बढाउने, भइरहेका कामलाई कसरी निरन्तरता दिने भन्नेमा धेरैजसो छलफल भयो। यसमा व्यापार, लगानी, अन्तरदेशीय यातायात सञ्जाल, आर्थिक, सामाजिक साझेदारी वृद्धि गर्दै लैजाने दिशातर्फ हाम्रो सम्बन्ध केन्द्रित हुनुपर्छ भन्ने हाम्रो धारणा राखियो। नेपालको स्वाधीनतालाई सहयोग गर्ने, स्वतन्त्रतामाथि सहयोग गर्ने कुरा राख्नुभयो। हामीले पनि एक चीन नीतिमा सहयोग गर्ने प्रतिबद्धता जनायौं।'

बाँकी पृष्ठ ६